annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १६० पृष्ठ ८ | काठमाडौं, सोमबार २१ असोज २०८१ | आश्विन शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४४ | MONDAY, OCTOBER 7, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# चाडबाडको मुखमा अचाक्ली महँगी

बाढी-पहिरोले मुख्य राजमार्ग अवरुद्ध हुँदा तरकारी र फलफूलको मूल्य छोइनसक्नु छ। खाद्यान्न, लुगा कपडादेखि शिक्षा, स्वास्थ्य सेवा शुल्कसमेत बढेको छ। आम्दानीभन्दा खर्चको भार बढ्दा सर्वसाधारणको दैनिकीमै असर परेको छ। दसैं र चाडबाडको मुखमा भएको चर्को महँगीको मारले सर्वसाधारणको ढाड भाँचिने अवस्था छ।

**ममता थापा** | *काठमाडौं*

**– को रिपोर्ट**






समाचार पृष्ठ २

## बाहिरिन थाल्यो मनसुन




**काठमाडौं** (अन्नपूर्ण): देशका विभिन्न स्थानबाट यस वर्षको मनसुन बाहिरिने क्रम सुरु भएको छ। मौसम पूर्वानुमान महाशाखाका अनुसार सोमबार यस वर्षको मनसुन सुदूरपश्चिम प्रदेशलगायत कर्णाली प्रदेशका धेरै तथा लुम्बिनी प्रदेशको पश्चिमी भूभागको थोरै स्थानहरूबाट बाहिरिएको छ।

मनसुनी वायु कमजोर हुँदै गइरहेको हुनाले नेपालको बाँकी भूभागबाट पनि केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको महाशाखाले जनाएको छ। महाशाखाले नियमित रूपमा मनसुन बहिर्गमन प्रक्रियालाई अनुगमन गरिरहेको जनाएको छ।

## गभर्नरबारे छानबिन गर्न बनेको समिति रद्द

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

नेपाल सरकारले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीविरुद्ध छानबिन गर्न गठित जाँचबुझ समिति रद्द गर्ने निर्णय गरेको छ। हालै बसेको मन्त्रिपरिषद्को बैठकले तीन वर्ष अघिको यो निर्णय रद्द गरिदिएको छ।

२०७८ चैत २४ गतेको मन्त्रिपरिषद्को बैठकले गभर्नर अधिकारीविरुद्ध छानबिन गर्न जाँचबुझ समिति बनाएको थियो । त्यो बेला अर्थमन्त्री जनार्दन शर्मा थिए। तत्कालीन अर्थमन्त्री शर्मासँग विवाद उत्कर्षमा पुगेपछि जाँचबुझ समिति बनाएर गभर्नर अधिकारीलाई हटाउने चलखेल भएको थियो। परमादेशबाट बनेको कांग्रेस माओवादीसहित गठबन्धन सरकारले गभर्नर अधिकारीलाई नाजायज काम गराउने प्रयास गरेको थियो। त्यो काम रोकिदिएपछि अधिकारीलाई कारबाही गर्न भनी जाँचबुझ समिति बनाइदिएको थियो। अछामका पृथ्वीबहादुर शाह र उनको परिवारका नाममा अमेरिकाबाट आएको शंकास्पद रकम राष्ट्र बैंकले रोकिदिएको थियो। जसका कारण अर्थमन्त्री शर्मा र गभर्नरबीच बोलचाल पनि बन्न भएको थियो।



त्यस्तै मन्त्रिपरिषद्को बैठकले थाइल्यान्डको बैंककमा २०८१ असोज २२ देखि २४ सम्म आयोजना हुने सामाजिक विकाससम्बन्धी कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ। सरकारले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत आर्थिक वर्ष २०८१/८२ का लागि अधिकृतस्तरका २८ पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने भएको छ। नेपाल विद्युत् प्राधिकरण रामेछाप उपवितरण केन्द्रका लागि करिब सात रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति दिने निर्णय सरकारले गरेको छ।

» बाँकी पृष्ठ ६

## राउतको काँधमा न्यायको बागडोर

**दिनेश गौतम** | *काठमाडौं*

मुलुकको ३२औं प्रधानन्यायाधीशमा प्रकाशमान सिंह राउत नियुक्त भएका छन् । नवनियुक्त प्रधानन्यायाधीश राउतले आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनियताको शपथ लिई कार्यभार सम्हालेका छन्।

राष्ट्रपति पौडेलले संविधानको धारा १२९ को उपधारा (२) बमोजिम संवैधानिक परिषदको सिफारिसमा राउतलाई प्रधानन्यायाधीश पदमा नियुक्त गरेका हुन्। ०१७ चैत १८ गते उदयपुरमा जन्मिएका राउत ०७३ साउन १७ गते सर्वोच्चको न्यायाधीश नियुक्त भएका थिए। उनले झन्डै १८ महिना प्रधानन्यायाधीश भएर नेतृत्व गर्ने छन्। ६५ वर्षे उमेरहदका कारण ०८२ चैत १९ मा सेवा निवृत्त हुने छन्। कानुन व्यवसायी पृष्ठभूमिबाट सर्वोच्चमा न्यायाधीश नियुक्त भई प्रधानन्यायाधीश हुने उनी चौथो व्यक्ति हुन्।

यसअघि कानुन व्यवसायी पृष्ठभूमिका अनुपराज शर्मा, सुशीला कार्की, हरिकृष्ण कार्की सर्वोच्चको न्यायाधीशमा सिधै नियुक्त भई प्रधानन्यायाधीश बनेका थिए। सर्वोच्चमा अहिले कानुन व्यवसायीको पृष्ठभूमिका न्यायाधीशको बाहुल्यता छ। यसले गर्दा उनलाई सहयोग र समन्वयमा सहजता हुनेछ। न्यायप्रणालीको संस्थागत सुधारमा प्रधानन्यायाधीश राउतको कार्यकाल महत्वपूर्ण अवसरका रूपमा रहेको कानुन, न्याय क्षेत्रका विज्ञहरू बताउँछन्।



संविधानविद् डा. विपिन अधिकारी नवनियुक्त प्रधानन्यायाधीश राउतको कानुन व्यवसायीका रूपमा निर्वाह गरेको भूमिका सराहनीय भएको र चारित्रिक रूपमा पनि असल व्यक्तित्व भएको बताउँछन्। 'न्यायिक स्वतन्त्रता र निष्पक्षताका लागि विश्वास गर्न सकिने व्यक्तित्व हुनुहुन्छ,' डा.अधिकारी भन्छन्, 'प्रधानन्यायाधीशको भूमिका कसरी निभाउनु हुन्छ ? त्यो हेर्न बाँकी छ। १८ महिनाको कार्यकाल परीक्षाको घडी हुनेछ।'

नेपाल बार एसोसिएसनकी महासचिव अञ्जिता खनालले नवनियुक्त प्रधानन्यायाधीश राउतको कार्यकाल राम्रो हुने अपेक्षा गरेको बताइन्। 'उहाँको कार्यकाल कसरी हेर्ने ? भन्ने सम्बन्धमा आगामी दिनहरूले देखाउलान्। कार्यकाल राम्रो होस् भन्ने आशा, अपेक्षा गरेका छौं,' महासचिव खनालले भनिन्, 'संविधानभन्दा बाहिर कामकारबाही नहोस्। विधिको शासन स्थापित होस्।'

» बाँकी पृष्ठ ६

